## **विदेशी नागरिकहरूको श्रम इजाजत व्यवस्थापन सम्वन्धी निर्देशिका- २०७५**

**मन्त्रीस्तरबाट स्वीकृत मितिः २०७५।०४।१३**

नेपालमा आई काम गर्ने विदेशी नागरिकहरूको श्रम इजाजत प्रणालीलाई सरल र सहज बनाइ थप व्यवस्थित गर्न तथा नीतिगत कानूनी एवं प्रक्रियागत व्यवस्थाहरू स्पष्ट गर्न बाञ्छनीय भएकोले श्रम ऐन, २०७४ को दफा १८१ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यो निर्देशिका जारी गरेको छ ।

### **परिच्छेद १**

### **प्रारम्भिकः**

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यस निर्देशिकाको नाम **विदेशी नागरिकको श्रम इजाजत व्यवस्थापन सम्वन्धी निर्देशिका २०७५** रहेको छ ।

१.२ यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः,**

(क) “ऐन” भन्नाले श्रम ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) “नियमावली” भन्नाले श्रम नियमावली, २०७५ सम्झनु पर्छ ।

(ग) “मन्त्रालय” भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्छ ।

(घ) “विभाग” भन्नाले श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग सम्झनु पर्छ ।

(ङ) “कार्यालय” भन्नाले श्रम तथा रोजगार कार्यालय सम्झनु पर्छ ।

(च) “श्रम इजाजत” भन्नाले श्रम ऐन, २०७४ तथा श्रम नियमावली, २०७५ मा उल्लिखित श्रम इजाजत सम्झनु पर्छ ।

(छ) “विदेशी नागरिक” भन्नाले नेपाल बाहेक अन्य जुनसुकै देशका नागरिकहरूलाई सम्झनु पर्दछ ।

(ज) “सम्झौता” भन्नाले नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्था वा निकाय र विदेशी सरकार वा विदेशी संघ संस्थावीच श्रमिकलाई काममा लगाउने सम्बन्धमा नियमानुसार भएको दुई पक्षीय वा वहुपक्षीय सम्झौता सम्झनुपर्छ ।

## परिच्छेद-२

## विदेशी श्रमिकलाई श्रम इजाजत दिने सम्वन्धी व्यवस्था

### ३. श्रम इजाजतको लागि निवेदन दिनुपर्ने (नियमावलीको नियम ७ सँग सम्वन्धित):

श्रम ऐन, २०७४ को दफा २२ एवं श्रम नियमावली, २०७५ को नियम (७) अनुसार रोजगारदाताले कुनै विदेशी नागरिकलाई काममा लगाउँदा विदेशी नागरिक राख्नको लागि विभागबाट श्रम इजाजत लिनु पर्ने छ । श्रम इजाजतको लागि निवेदन दिंदा रोजगारदाताले देहाय वमोजिमका कागजात संलग्न गर्नुपर्नेछः-

३.१ यस निर्देशिकाको अनुसूची १ बमोजिम ढाँचाको निवेदन,

३.२ ऐनको दफा २२ को उपदफा ३ बमोजिम देहायका कुरा खुलाई प्रकाशन गरिएको विज्ञापनको सक्कल प्रति,

(क) प्रतिष्ठानको लागि आवश्यक पद, संख्या र गर्नुपर्ने मुख्य काम,

(ख) आवश्यक न्यूनतम शैक्षिक योग्यता, अनुभव तथा तालिम,

(ग) छनौट विधि,

(घ) दरखास्त दिने अन्तिम मिति र स्थान,

(ङ) दरखास्तसाथ संलग्न गर्नुपर्ने विवरण एवं कागजात आदि ।

३.३ उपदफा ३.१ र ३.२ मा जुनसूकै कुरा लेखिएको भएतापनि श्रम इजाजतका लागि आवेदन दिने मध्ये देहायबमोजिमका अवस्थामा ऐनको मूलभुत मान्यतामा प्रतिकूल नहुने गरी गरिएको सम्झौतालाई नै विज्ञापनको प्रक्रिया पूरा भएको मानी विभागले अन्य प्रक्रृया अगाडि बढाउनेछ ।

(क) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ, संस्था वा निकाय र कुनै विदेशी संघ, संस्था वा निकायसँग नियमानुसार भएको सम्झौता बमोजिम काम गर्ने गरी आएका विदेशी नागरिक,

(ख) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको हकमा समाज कल्याण परिषद् र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थावीच भएको साधारण सम्झौतामा उल्लिखित देशीय प्रतिनिधि (Country Director) तथा आयोजना सम्झौतामा उल्लिखित विदेशी नागरिकहरू,

(ग) नेपाल सरकार र विदेशी संस्था वीच भएका प्रविधि हस्तान्तरण वा व्यवस्थापन करारबाट नेपालमा काम गर्न आएका विदेशी नागरिकहरू,

(घ) ऐनको दफा २४ अनुसार विदेशी लगानी भएको वा विदेशी सहयोगबाट संचालीत प्रष्तिष्ठानमा काम गर्ने गरी आएका विदेशी नागरिक ।

३.४ राहदानी (कम्तीमा छ महिना म्याद भएको) को प्रमाणित प्रतिलिपी,

३.५ सम्वन्धित विदेशी नागरिकको व्यक्तिगत विवरण,

३.६ रोजगारदाताले प्रचलित कानून बमोजिम तिर्नुपर्ने कर चुक्ता गरेको प्रमाण,

३.७ उपदफा (३.२) बमोजिम गरेका विज्ञापन अनुसार कुनै नेपाली नागरिकले दरखास्त दिएको भए त्यस्तो दरखास्तवालाको योग्यता, दक्षता तथा श्रमिक छनौट सम्वन्धि संक्षिप्त विवरण,

३.८ नेपाली नागरिकलाई दक्ष बनाई विदेशी श्रमिकलाई प्रतिस्थापन गर्ने विस्तृत कार्ययोजना,

३.९ नेपाल सरकार, गृह मन्त्रालयको कार्य सहमति पत्र,

३.१० रोजगारदाताले ऐनको दफा २२ को उपदफा (३) बमोजिम प्रकाशन गरेको विज्ञापन वा उपदफा (३) मा भएको व्यवस्था बमोजिमको सम्झौता मन्त्रालयको रोजगार पोर्टल (www.jobkhoj.gov.np) मा समेत राखी सोको जानकारी विभागलाई दिनुपर्नेछ ।

**<u>४ श्रम इजाजत दिँदा अपनाउनुपर्ने विधि (नियम ८ सँग सम्वन्धित):</u>**

४.१ यस निर्देशिकाको दफा (३) अनुसार विभागमा श्रम इजाजतको लागि निवेदन परेपछि निवेदन साथ संलग्न कागजातहरूका आधारमा विभागले आवश्यक जाँचबुझ गर्नुपर्नेछ ।

४.२ उपदफा ४.१ बमोजिम निवेदन जाँझबुझ गर्दा विभागले आवश्यक ठानेमा रोजगारदातासँग कुनै थप कुरा बुझ्न वा सो सम्वन्धमा सात दिनभित्र विवरण खुलाई प्रतिवेदन पेश गर्न श्रम तथा रोजगार कार्यालयलाई निर्देशन दिन सक्नेछ ।

४.३ उपदफा ४.२ बमोजिम जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा विभागले यस निर्देशिकाको दफा ५ बमोजिमको दस्तुर लिई ३० दिनभित्र रोजगारदातालाई अनुसूची २ बमोजिमको ढाँचामा श्रम इजाजत दिनु पर्नेछ ।

४.४ उपदफा ४.२ बमोजिम तोकिएको अवधि पछिको श्रम इजाजत दिन नमिल्ने देखिएमा उपदफा ३ मा तोकिएको अवधि पछिको ७ दिनभित्र सोको लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ ।

**५. श्रम इजाजत दस्तुर (नियमावलीको नियम १० सँग सम्वन्धित):**

५.१ दफा (४) बमोजिम श्रम इजाजतको लागि देहायवमोजिमको दस्तुर लाग्नेछः-

(क) छ महिनासम्मको अवधिको लागि प्रतिव्यक्ति १५०००।- (पन्ध्र हजार रूपैया),

(ख) छ महिनाभन्दा बढी अवधिको लागि २००००।- (बीस हजार रूपैया) ।

५.२ रोजगारदाताले उपदफा ५.१ बमोजिमको दस्तुर विभागले तोकेको 'क' वर्गको बाणिज्य बैंकमा जम्मा गरी सोको निस्सा पेश गर्नुपर्नेछ ।

**६. श्रम इजाजतको अवधि (नियमावलीको नियम ११ सँग सम्वन्धित):**

६.१ यस निर्देशिकाको दफा ३ र ४ बमोजिम श्रम इजाजत दिनुपर्दा गृह मन्त्रालयको कार्य सहमतिको अवधि भन्दा बढी नहुने गरी र एक पटकमा एक वर्षको अवधिमा नवढ्ने गरी श्रम इजाजत दिनुपर्नेछ ।

६.२ उपदफा ६.१ बमोजिम श्रम इजाजत दिँदा विशिष्ट दक्ष प्राविधिक श्रमिकको हकमा पटक पटक गरी बढीमा ५ वर्षसम्म र अन्य विदेशी श्रमिकको हकमा पटक पटक गरी बढीमा ३ वर्षसम्मको लागि श्रम इजाजत दिन सकिनेछ ।

६.३ कुनै विदेशी नागरिक विशिष्ट दक्ष प्राविधिक हो/होइन भन्ने सम्वन्धमा श्रम इजाजत सिफारिस गर्ने सम्वन्धित मन्त्रालय/निकायले स्पष्ट गरी सिफारिस गरेको पत्र पेश गर्नुपर्नेछ ।

६.४ उपदफा ६.२ (नियमको ११(२) बमोजिम) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थितिमा देशको शैक्षिक, सामाजिक, विज्ञान प्रविधि र गैर नाफामुलक संघ, संस्था जस्ता क्षेत्रमा विशेष योगदान गरेका, राष्ट्रहित र जनकल्याणमा उल्लेखनीय योगदान गरेका विदेशी श्रमिकलाई विभागले मन्त्रालयको स्वीकृति लिई बढीमा दुई वर्षसम्म श्रम इजाजत वा श्रम स्वीकृतिको अवधि थप गर्न सक्नेछ ।

**७. श्रम इजाजतको अवधि थप सम्वन्धी व्यवस्था (श्रम इजाजत नविकरण):**

७.१ रोजगारदाताले निर्देशिकाको दफा ३ वा दफा ४ बमोजिम (नियमावलीको नियम ८ बमोजिम) श्रम इजाजत प्राप्त गरी आफ्नो प्रतिष्ठानमा कार्यरत विदेशी श्रमिकको श्रम इजाजत अवधि थप गर्न चाहेमा त्यस्तो अवधि समाप्त हुनुभन्दा तिस दिन अगावै देहायका विवरण कागजात सहित विभागसमक्ष निवेदन दिनुपर्नेछ ।

(क) राहदानी (कम्तीमा छ महिना म्याद भएको) को प्रमाणित प्रतिलिपि,

(ख) सम्वन्धित विदेशी नागरिकको व्यक्तिगत विवरण,

(ग) रोजगारदाताले प्रचलित कानून बमोजिम तिर्नुपर्ने कर चुक्ता गरेको प्रमाण,

(घ) विदेशी श्रमिकको कार्य सम्पादन स्तर,

(ङ) नेपाल सरकार, गृह मन्त्रालयको कार्य सहमति पत्र,

(च) विदेशी श्रमिकलाई क्रमशः प्रतिस्थापन गर्दै नेपाली नागरिकलाई दक्ष वनाउन पेश भएको योजनाको प्रगति विवरण,

(छ) श्रम इजाजत नवीकरणका लागि दफा ५ बमोजिमको दस्तुर बुझाएको रसिद वा निस्सा,

(ज) विभागले आवश्यक ठानेका अन्य कागजात विवरणहरू ।

**८. विदेशी श्रमिकको संख्या तथा अभिलेख (ऐनको दफा २४ तथा नियमावलीको नियम १३ सँग सम्वन्धित):**

८.१ ऐनको दफा २४ र नियमावलीको नियम १३ बमोजिम विभागले विदेशी लगानी भएको वा विदेशी सहयोग भएको कुनै प्रतिष्ठानमा विदेशी नागरिकलाई काममा लगाउदा नेपाल सरकार र त्यस्तो विदेशी सरकार वा संस्थावीच कुनै सम्झौता भएको रहेछ भने सोही सम्झौतामा उल्लेख भएको संख्यामा र त्यस्तो सम्झौता नभएको हकमा बढीमा तीनजना विदेशी नागरिकलाई अभिलेख राखी त्यस्तो प्रतिष्ठानमा काम गर्न श्रम इजाजत दिन सक्नेछ ।

८.२ कुटनीतिक उन्मुक्ति पाउने वा नेपाल सरकारसँग भएको कुनै सम्झौता बमोजिम श्रम इजाजत लिनु नपर्ने अवस्थामा बाहेक कुनै पनि रोजगारदाताले आफ्नो प्रतिष्ठानमा चाहिने कुल श्रमिकको पाँच प्रतिशतसम्मको संख्या भन्दा बढी हुने गरी विदेशी श्रमिकलाई काममा लगाउन पाउने छैन ।

८.३ ऐनको दफा २३ को उपदफा (२) बमोजिम नेपाल सरकारसँग भएको कुनै सम्झौता बमोजिम श्रम स्वीकृति लिनुनपर्ने र नियम ८ वा नियम ९ बमोजिम श्रम इजाजत प्राप्त विदेशी श्रमिकको अद्यावधिक अभिलेख विभागले अनुसूची ५ बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

८.४ ऐनको दफा २४ बमोजिम श्रम इजाजत लिनुपर्ने श्रमिकलाई काममा लगाउने रोजगारदाताले त्यस्ता श्रमिकको निर्देशिकाको अनुसूची ३ बमोजिम अभिलेख राखी निर्देशिकाको दफा ५ बमोजिमको दस्तुर विभागमा बुझाउनु पर्नेछ ।

८.५ ऐन बमोजिम अभिलेख राख्नु पर्ने श्रमिकलाई अभिलेख नराखी काममा लगाएको पाइएमा विभागले त्यस्तो श्रमिकलाई काममा लगाउने रोजगारदातालाई निर्देशिकाको दफा ५ बमोजिम लाग्ने दस्तुरको दोब्बर दस्तुर तिर्न लगाई त्यस्तो श्रमिकको अभिलेख राख्नेछ ।

## ९. श्रम इजाजत खारेज गर्न सक्ने (नियम १४ सँग सम्वन्धित):

९.१ ऐन, नियमावली तथा यस निर्देशिका बमोजिम प्रदान गरिएको श्रम इजाजत देहायको अवस्थामा खारेज गर्न सक्नेछः-

(क) श्रम इजाजत प्राप्त व्यक्तिलाई नेपाल सरकार, गृह मन्त्रालयबाट प्रदान गरिएको कार्य सहमति रद्द भएमा,

(ख) श्रम इजाजत प्राप्त व्यक्तिले नेपाल सरकारलाई बुझाउनुपर्ने कर, राजश्व, दस्तुर वा कुनै बाकी बक्यौता तोकिएको अवधिभित्र नबुझाएमा,

(ग) श्रम इजाजत प्राप्त व्यक्ति प्रचलित कानून बमोजिम फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणीत भएमा,

(घ) श्रम इजाजत प्राप्त व्यक्तिलाई नेपालमा काम गर्न दिन राष्ट्रिय सुरक्षाको दृष्टिले उपयुक्त नदेखिएमा,

(ङ) विदेशी नागरिकले प्रचलित कानून बमोजिम वहन गर्नुपर्ने जिम्मेवारी पूरा नगरेमा, पालना गर्नुपर्ने आचरण प्रतिकूल काम गरको पाइएमा, वा सार्वजनिक सदाचार र नैतिकता प्रतिकूल हुने कुनै काम गरेमा ।

## १०. अनुगमन र नियमन (नियम १५ सँग सम्वन्धित):

१०.१ ऐनको दफा २४ र नियमावलीको नियम १५ बमोजिम अभिलेख राखी श्रम इजाजत दिइएका विदेशी श्रमिकको सम्वन्धमा अनुगमन गर्ने/गराउने जिम्मेवारी विभागको हुनेछ ।

१०.२ श्रम ऐन, २०७४, श्रम नियमावली, २०७५ र यस निर्देशिका बमोजिम श्रम इजाजत प्राप्त गरी काम गरेका श्रमिक र नियमावलीको नियम १३ को उपनियम (३) बमोजिम अभिलेख राखि विदेशी श्रमिकको सम्वन्धमा अनुगमन गर्ने, गराउने जिम्मेवारी विभागको हुनेछ,

१०.३ उपदफा (१) बमोजिम अनुगमन गर्दा कुनै विदेशी नागरिकले ऐन वा नियमावली बमोमिज श्रम इजाजत नलिई वा अभिलेख नराखी कुनै प्रतिष्ठानमा काम गरेको पाइएमा विभागले त्यस्तो विदेशी नागरिकलाई तुरून्त कामबाट हटाउन सम्वन्धित रोजगारदातालाई आदेश दिनेछ । त्यस्तो आदेशको पालना गर्नु सम्वन्धित रोजगारदाताको कर्तव्य हुनेछ ।

१०.४ अनुगमन गर्दा विभागले निर्धारित जाँचसूचीका आधारमा गर्ने गराउने व्यवस्था मिलाउनेछ । ऐन, नियम र यस निर्देशिका बमोजिम श्रम इजाजत प्राप्त कुनै विदेशी नागरिकले निर्धारित कार्यक्षेत्र वा विषय भन्दा फरक प्रकृतिको काम गरेको पाइएमा वा झुटा विवरण पेश गरी काम गरेको पाइएमा त्यस्ता विदेशी नागरिकका सम्वन्धमा उपदफा २ बमोजिम कारवाही हुनेछ ।

१०.५ अनुगमनको क्रममा रोजगारदाताले अभिलेख नराखी काममा लगाएको पाइएमा विभागले त्यस्तो श्रमिकलाई काममा लगाउने रोजगारदातालाई दफा ५ को उपदफा २ बमोजिम लाग्ने दस्तुरको दोव्वर दस्तुर तिर्न लगाई त्यस्तो श्रमिक र रोजगारदाता संस्थाको समेत अभिलेख राख्नेछ ।

१०.६ जाँचसूची विभागबाट निर्धारण भए बमोजिम हुनेछ ।

## परिच्छेद ३

## विविध

### ११. निर्देशिकाको पालना:

११.१ विदेशी नागरिकको श्रम इजाजत व्यवस्थापन सम्वन्धी कार्य सम्पादन गर्दा यस निर्देशिकामा उल्लिखित व्यवस्थाको पूर्ण परिपालना गर्नु सरोकारवाला सबैको कर्तव्य हुनेछ ।

११.२ यो निर्देशिकामा उल्लेख भएका व्यवस्थाहरू ऐन तथा नियमावलीका व्यवस्थासँग बाझिएमा, बाझिएको हदसम्म ऐन तथा नियमावलीका प्रावधानहरू नै आकर्षित हुनेछ ।

### १२. बाधा अड्काउ फुकाउने अधिकार:

यस निर्देशिकाको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा पर्न गएमा त्यस सम्वन्धमा निर्देशन दिने अधिकार मन्त्रालयमा रहनेछ । श्रम इजाजतको सम्वन्धमा कुनै विषय यस निर्देशिकामा समावेश भएको नदेखिएमा त्यस सम्वन्धमा समेत निर्णय गर्ने अधिकार मन्त्रालयमा निहित रहनेछ ।

### १३. लेखी पठाउने:

कुनै विदेशी नागरिकले श्रम इजाजत नलिई वा अभिलेख नराखी कुनै प्रतिष्ठानमा काम गरेको पाइएमा विभागले दफा १० बमोजिम त्यस्तो विदेशी नागरिकलाई तुरून्त कामबाट हटाउन सम्वन्धित

रोजगारदातालाई आदेश दिई आवश्यक कानूनी कारवाहीका लागि सोको जानकारी अध्यागमन विभागलाई दिनुपर्नेछ ।

**१४.** नेपालमा कामकाज गर्ने विदेशी नागरिकहरू प्रचलित कानून विपरित कुनै अपराध वा गैर कानुनी कार्यमा संलग्न भएको पाइएमा सोको प्रारम्भिक विश्लेषण र सिफारिस सहित सरोकारवाला निकायलाई अनुसन्धान तथा कारबाहीको टुङ्गो लगाउनु पर्ने विषयमा समन्वयात्मक रूपमा विभागबाट व्यवस्थापन गर्नुपर्नेछ ।

**१५.** श्रम इजाजतको लागि आवश्यक कागजात, प्रमाण र प्रकृयावीच कुनै द्विविधा उत्पन्न भएमा श्रम तथा व्यवसायजन्य सुरक्षा विभागको महानिर्देशकले तोके बमोजिम हुनेछ ।

**१६.** सेवाग्राहीको सुविधालाई ध्यानमा राखेर उपत्यका बाहिर रही धेरै संख्यामा काम गर्ने विदेशी नागरिक कार्यरत रहेको प्रतिष्ठान/कार्यस्थलमा विभागले आवश्यकता अनुसार छुट्टै टोली मार्फत स्थलगत निरिक्षण, प्रत्यक्ष छलफल लगायतका प्रकृया पुरा गरी श्रम इजाजत दिने निर्णय गर्न सक्नेछ ।

टिकट

## अनुसूची-१

**श्री श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग**
**..........................।**

मितिः.........................

महोदय,

यस प्रतिष्ठानमा विदेशी नागरिकलाई काममा लगाउन आवश्यक भएकोले श्रम ऐन, २०७४ को दफा २२ एवं श्रम नियमावली, २०७५ को नियम ७ को उपनियम (१) बमोजिम श्रम इजाजत पत्रको लागि देहायको विवरण र कागजात सहित यो निवेदन गरको छु/ गरेका छौं:-

१. प्रतिष्ठानको नामः-......................
२. प्रतिष्ठान वा कार्यस्थल रहेको ठेगानाः-.......................
३. प्रतिष्ठानको मुल्य अभिबृद्धि कर दर्ता नं./स्थायी लेखा नं................. र दर्ता मिति................
४. प्रतिष्ठानको मुख्य सञ्चालक वा प्रमुख व्यवस्थापकको:-...........
(क) नामः........................ (ख) सम्पर्क नं.:-................. (ग) इमेलः- ............
५. प्रतिष्ठानसँग पत्राचार गर्ने ठेगानाः-
जिल्लाः-............. गाउपालिका/नगरपालिकाः-........... वडा नं................
मार्गः-................ टोलः-................. इमेलः-.................
फ्याक्स नं....................
६. इजाजत माग गरिएको विदेशी श्रमिकको विवरणः **(श्रम इजाजत माग गरिएका विदेशीहरुको विवरण यसैसाथ संलग्न अर्को पानामा नत्थी गरिएको छ)**
७. संलग्न कागजातः
(क) राहदानी (कम्तीमा छ महिना म्याद भएको)को प्रमाणीत प्रतिलिपी,
(ख) सम्वन्धित विदेशी नागरिकको व्यक्तिगत विवरण (बायोडाटा)
(ग) प्रतिष्ठानले प्रचलित कानून बमोजिम कर चुक्ता गरेको प्रमाण,
(घ) प्रतिष्ठानले नेपाली नागरिकलाई दक्ष बनाई विदेशी श्रमिकलाई क्रमशः प्रतिस्थापन गर्ने कार्य योजनाको प्रति
(ङ) गृह मन्त्रालयको कार्य सहमति आवश्यक पर्ने भए सोको प्रमाणित प्रति,
(च) श्रम नियमावली, २०७५ को नियम ७ को उपनियम(२) को खण्ड (ङ) बमोजिमको विवरण ।
८. यसमा लेखिएको व्यहोरा साँचो हो । झुठा ठहरे कानुन बमोजिम सहुला बुझाउँला ।

प्रतिष्ठानको छापः-

प्रतिष्ठानको तर्फबाट निवेदन दिने व्यक्तिको,

नामः-..........................
पदः- ..........................
हस्ताक्षरः- ....................
मितिः- ........................

नोटः- निवेदन दिँदा इजाजत माग गरिएको विदेशी नागरिकको हालसालै खिचेको दुई प्रति फोटो समेत संलग्न गर्नुपर्नेछ ।

## विदेशी नागरिकहरूको विवरण

| SN | Name | Designation | Country | Passport | | Qualification | Experience | Duration | | If he/se had Previous Work Permit | | | Photo |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | No | Validity | | | From | To | Company Name | From | To | |
| 1 | | | | | | | | YYYY/MM/DD | YYYY/MM/DD | | YYYY/MM/DD | YYYY/MM/DD | Recent PP Size Photo |
| 2 | | | | | | | | | | | | | |
| 3 | | | | | | | | | | | | | |
| 4 | | | | | | | | | | | | | |
| 5 | | | | | | | | | | | | | |
| 6 | | | | | | | | | | | | | |
| 7 | | | | | | | | | | | | | |
| 8 | | | | | | | | | | | | | |

अनुसुची-२

(नियम ८ को उपनियम (३) सँग सम्बन्धित)

**श्रम इजाजतपत्र नं.**

**रजिष्टर नं.**

## नेपाल सरकार

### श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग

## श्रम इजाजतपत्र

| इजाजतप्राप्त व्यक्तिको तस्विर |
|---|

श्री............................

................................।

मिति ........................ मा प्राप्त त्यस प्रतिष्ठानको निवेदन उपर कारबाही हुँदा यस विभागको मिति ................. को निर्णय अनुसार देहायको विदेशी नागरिकलाई श्रम ऐन, २०७४ को दफा २२ र श्रम नियमावली, २०७५ को नियम ८ बमोजिम देहायका शर्तहरु पालना गर्ने गरी त्यस प्रतिष्ठानमा काममा लगाउन इजाजत प्रदान गरिएको छ ।

१. प्रतिष्ठानको नाम:

२. प्रतिष्ठानको ठेगाना:

३. इजाजत प्रदान गरिएको विदेशी श्रमिकको विवरण:

(क) नाम/Name: (ख) पद/Disignation:

(ग) देश/Country: (घ) राहदानी नं./P.P No:

स्थायी ठेगाना (पासपोर्ट अनुसार):

Permanent Address(As mentioned in passport):

(ङ) इजाजत प्रदान गरिएको अवधि:

देखि...................... सम्म ...............

यो भन्दा अगाडि श्रम स्वीकृति लिएको भए(If he/she had Previous work permit from this Departmant):

| देखि (From) | सम्म (To) | जम्मा दिन (Total days) |
|---|---|---|
| | | |
| | | |
| कुल जम्मा दिन (Grand total days) | | |

**इजाजतपत्र जारी गर्ने अधिकारीको:**

नाम:

पद:

जारी मिति:

हस्ताक्षर:

**रोजगारदाताले पालना गर्नुपर्ने शर्तहरु:**

१. श्रम इजाजत नवीकरण गराउनु पर्ने भए म्याद समाप्त हुन भन्दा ३० दिन अगावै नवीकरणको लागि तोकिएका सम्पुर्ण कागजात सहित यस विभाग समक्ष निवेदन दिनु पर्नेछ ।

२. श्रम नियमावली, २०७५ को नियम १४ मा उल्लेखित शर्तहरु पूरा नभएमा श्रम इजाजत खारेज हुन सक्नेछ ।

अनुसूची-३

(नियमावलीको नियम १३ को उपनियम (३) सँग सम्बन्धित)

**श्रम इजाजत प्राप्त विदेशी नागरिकको अभिलेख**

| सि.नं. | नाम थर | स्थायी ठेगाना | राहदानी नं. र बहाल रहने मिति | नेपालमा कार्यरत संस्थाको नाम ठेगाना र फोन नं. | इजाजतप्राप्त व्यक्तिको परिवार वा नजिकको नातेदारको सम्पर्क व्यक्तिको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

नोटः भारतीय नागरिकको हकमा राहदानी नभएमा परिचय खुल्ने नम्बर अंकित कुनै कागजातमा उल्लेख भएको नम्बर ।